# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
### जनशक्ति व्यवस्थापन विभागको
### सूचना

यस बैंकमा रिक्त रहेको चालक समूहतर्फ करार सेवा मार्फत पूर्ति गर्न देहायको पदको लागि निम्नलिखित योग्यता पुगेका उम्मेदवारहरुको आवश्यकता परेकोले देहायमा उल्लिखित शर्तमा रही कार्य गर्न इच्छुक योग्य नेपाली नागरिकहरुवाट आफुले प्राप्त गरेको योग्यता र अन्य प्रमाणपत्र तथा उमेर खुल्ने नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो संलग्न गरी मिति २०७५ माघ १७ गते बिहीवार देखि २०७५ फागुन २ गते बिहीवारसम्म यस बैंकका देहायका कार्यालयमा आइपुग्ने गरी दरखास्त पेश गर्नुहुन आव्हान गरिएको छ । रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुनेछैन । उक्त कार्यको लागि आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

| सि.नं. | कार्यालय | आवश्यक पद संख्या | दरखास्त पेश गर्ने स्थान | करार सेवा अवधि | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | केन्द्रीय कार्यालय | ७ | जनशक्ति व्यवस्थापन विभाग, बालुवाटार | ६ महिना | नेपाल राष्ट्र बैंक, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा सरकारी सेवामा कम्तीमा १५ वर्षको चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको र दरखास्त दिने अन्तिम मितिमा ४५ बर्ष पुरा भई ५५ बर्ष ननाघेको हुनुपर्नेछ । |
| २. | पोखरा कार्यालय | १ | जनशक्ति व्यवस्थापन विभाग, बालुवाटार र यस बैंकको पोखरा कार्यालय | | |
| ३. | वीरगंन्ज कार्यालय | १ | जनशक्ति व्यवस्थापन विभाग, बालुवाटार र यस बैंकको वीरगंन्ज कार्यालय | | |
| ४. | धनगढी कार्यालय | १ | जनशक्ति व्यवस्थापन विभाग, बालुवाटार र यस बैंकको धनगढी कार्यालय | | |

१. **उम्मेदवारको छनौट विधि :** प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा ।

२. **प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिका दिन यस बैंकको केन्द्रीय कार्यालय, वालुवाटार तथा जिल्लास्थित कार्यालयहरुमा प्रकाशित गरिनेछ ।

३. **सम्पर्क मिति र स्थान :** २०७५ फागुन ७ गते मंगलबारका दिन जनशक्ति व्यवस्थापन विभाग वालुवाटार र जिल्लास्थित सम्बन्धित कार्यालयहरु ।

४. **पारिश्रमिक तथा अन्य सुविधा :** मासिक पारिश्रमिक रु.२०,०००।- तथा अन्य सुविधा दुवै पक्षवीच हुने करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

५. **सेवा सम्बन्धी शर्त :** दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

६. **दरखास्त फाराम :** दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग तथा जिल्ला स्थित कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यो सूचना तथा दरखास्त फाराम यस बैंकको website: www.org.np, career @ NRB मा राखिएको छ ।

७. **दरखास्त दस्तुर :** दरखास्त दस्तुर रु.३००।- यस बैंकको बैंकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा खाता नं. १२०००००/०३०/०१२/५२४ मा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनुपर्नेछ । दोब्बर दस्तुरको व्यवस्था रहेको छैन ।

मिति : २०७५/१०/१७

(गुरुप्रसाद पौडेल)
निर्देशक
सदस्य सचिव पदपूर्ति उपसमिति

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौं

महोदय,

त्यस विभागको मिति २०७५/...../..... को सूचना अनुसार देहायबमोजिमको कागजातहरु संलग्न गरी ..............................(करार) पदको लागि दरखास्त पेश गरेको छु ।

**उम्मेदवारको नाम, थर :-**

**जन्म मिति :-**

**बावुको नाम, थर :-**

**बाजेको नाम, थर :-**

**स्थायी ठेगाना :-**

जिल्ला :- गा.वि.स./नगरपालिका :- वडा नं. :-

मोबाइल नं. :-

**संलग्न कागजातहरु :-**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्र
३. पेन्सन पट्टाको प्रतिलिपी
४. दरखास्त दस्तुर बुझाएको भौचर
५. सवारी चालक अनुमति पत्रको प्रतिलिपि
६. ..........................................सम्बन्धी......बर्षको कार्य अनुभव (अनुभव खुल्ने कागजातको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने) :

| सि.नं. | पद | कार्य गरेको संस्था | मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

..........................
निवेदकको दस्तखत
मिति :

# नेपाल राष्ट्र बैंक
## जनशक्ति व्यवस्थापन विभाग
## करार ………… पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
## प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।

……………………………………………………………………………


# नेपाल राष्ट्र बैंक
## जनशक्ति व्यवस्थापन विभाग
## करार ………… पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
## प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।